मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २११ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असार ४ गते शनिबार (Saturday, June 18. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## पोल्याण्ड पठाउँछु भन्दै २० लाख ठगी

**काठमाडौं, असार ३।** वैदेशिक रोजगार विभागले रोजगारीको लागि पोल्याण्ड पठाउँछु भन्दै २० लाख २० हजार रुपैयाँ ठगी गरेको पाइएपछि एक जना विरुद्ध वैदेशिक रोजगार न्यायाधीकरणमा मुद्दा दायर गरेको छ।

पोल्याण्डमा कृषि काममा मासिक झण्डै १ लाख ८० हजार रुपैयाँ तलब हुने भनी २० लाख २० हजार रुपैयाँ ठगी गरेर नपठाएको पाइएपछि विभागले सप्तरी घर भई अहिले काठमाडौं

*(बाँकी अन्तिम पृष्ठमा)*

## धिमाल समुदायले मनाए जात्री पर्व



**छविराज ढकाल**

**पथरीशनिश्चरे, असार ३।** प्रदेश नं. १का मुख्यमन्त्री राजेन्द्रकुमार राईले धिमालहरू नेपालका आदिवासी र भूमिपुत्र भएको उल्लेख गर्दै हिजो राज्यको विभेदकारी नीति भएकै कारण आदिवासी जनजातिहरू राज्यले वितरण गरेका सेवा सुविधाबाट बञ्चित भएको बताएका छन्।

मोरङको उर्लाबारी-३ मंगलबारेमा धिमाल जातिको सबैभन्दा ठूलो पर्व जात्री, सिरिजातको समापन कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन्। लोकतान्त्रिक गणतन्त्रमा मात्रै सबै जाति, धर्म र लिङ्गका नागरिकले राज्यको सुविधा समान रुपमा प्राप्त गर्ने मुख्यमन्त्री राईको भनाइ थियो। राईले आरक्षणको व्यवस्था पनि सबै जातजातिलाई अवसरको समान उपयोगका लागि गरिएको उल्लेख गरे। आगामी साउनभित्रमा प्रदेशको नामकरण हुने बताउँदै मुख्यमन्त्री राईले प्रदेश सरकारले प्रदेशको नामकरण गर्न नसक्ने बताएका थिए।

प्रत्येक वर्ष बैशाख २ गते उद्गम स्थल मानिने लेटाङ नगरपालिकाको भोगटेनीस्थित राजारानी

*(बाँकी अन्तिम पृष्ठमा)*

# 'एसपीपी अघि बढाउने ओली नै हुन्'

**झापा, असार ३।** 'एसपीपी' अहिले राजनीतिक बृत्तमा पेचिलो बहसको विषय बनेको छ। यसका बिरुद्ध अहिले विभिन्न राजनीतिक दलले आवाज पनि उठाइरहेका छन्। नेपाल कम्युनिष्ट पार्टी (एमाले)का शीर्ष नेताले अमेरिकासँग स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) मुलुकको हित विपरीत भएको भन्दै चर्को आवाज उठाइरहेका छन्।

पूर्व महान्यायाधीवक्ता अग्नि खरेलले झापामा पत्रकार सम्मेलनको आयोजना गर्दै एसपीपी सम्झौताको खुलेर विरोध गरे। तर, राष्ट्रियसभाका सांसद एवम् पूर्वउपप्रधानमन्त्री बामदेव गौतमले भने- तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नै अमेरिकासँग स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) अघि बढाउने काम गरेको दावी गरेका छन्।

सांसद गौतमले यो प्रोग्राम सुशील कोइराला नेतृत्वको सरकारले गरेको हो भन्ने कुरा संसदमा आएपछि आफूले खोजीनिती गरेको र प्रधानमन्त्रीको रुपमा एमाले अध्यक्ष ओलीले नै सो प्रस्ताव अघि बढाएको पाइएको बताएका हुन्। गौतम कोइराला नेतृत्वको सरकारमा उपप्रधानमन्त्री थिए। यसको शुरुवात जसले गरे पनि त्यसबेलाका प्रधानमन्त्री ओली यसलाई अघि बढाउन



काममा संलग्न भएको उल्लेख गर्दै उनले सदनलाई पनि सो कुरा बताउनुपर्ने माग गरे।

उनले अध्यक्ष ओलीप्रति संकेत गर्दै सो सत्य कुरा बताउँदा कुनै पनि पार्टी र त्यसका नेताको व्यक्तित्व सानो नहुने बताए। सांसद गौतमले सरकार र सरकारको नेतृत्वको गरेको कांग्रेसले अघि नबढाउने भनेपछि एसपीपी सम्बन्धी समस्या समाधान भएको पनि पटक-पटक दोहोऱ्याए। उनले सो प्रस्तावबारे संसदमा आएर जवाफ दिन भने प्रधानमन्त्री शेरबहादुर देउवालाई आग्रह गरे।

'अहिले एमालेका अध्यक्ष कमरेड केपी ओलीले शुरु गर्नुभयो, यो सम्झौता भनेपछि सुशील कोइरालाले हो भनेको हुनाले म पनि त्यसमा संलग्न हुन्छु। म फेरि प्रधानमन्त्रीले गरेको, म त्यसमा संलग्न छैन भन्दिनँ। त्यो सरकारमा सामेल भइसकेपछि प्रधानमन्त्रीले गरेको काम प्रधानमन्त्रीले व्यक्त गरेको विचारसित सहमत हुनुपर्दछ।' उनले भने- 'त्यसो भएर ममाथि पनि आरोप लाग्न सक्दछ भनेर मैले त्यस सम्बन्धमा खोजीनिती गर्दा अब के के भएको हो, अस्तिमात्रै एउटा पत्र आएको छ।

र, त्यो पत्रले प्रष्ट पारिदिएको छ- यसको शुरुवात जसले गरेको भए पनि यसलाई अगाडि बढाउने काममा नेकपा एमालेका अध्यक्ष त्यसबेलाका प्रधानमन्त्री भएको अध्यक्षज्यू, त्यसमा संलग्न हुनुहुन्छ। अब सदनलाई साँचो कुरा बताउनुपर्दछ, र सत्य बताउँदा कोही पनि सानो हुँदैन।' सांसद गौतमले प्रधानमन्त्री देउवाले एसपीपीबारे संसदमा उठेका प्रश्नको जवाफ आफैंले नदिएर संसदीय मर्यादामाथि आघात पुऱ्याएको दावी समेत गरे।

## 'हनि ट्र्याप' मा पारेर ठगी गर्ने युवतीसहितको समूह पक्राउ

**काठमाडौं, असार ३।** काठमाडौंमा विभिन्न व्यक्तिहरुलाई 'हनि ट्र्याप' मा पारेर ठगी गर्ने एक समूह पक्राउ परेको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान महाशाखाले उपत्यकाका विभिन्न स्थानमा अपराधिक लाभ लिने उद्देश्यले योजनाबद्ध तवरले युवतीहरुको प्रयोग गरी ठगी गर्ने गिरोहलाई पक्राउ गरेको जनाएको छ।

पक्राउ पर्नेमा दुई महिला र चार जना पुरुष छन्। प्रहरीले सूर्यबिनायक-९ भक्तपुरकी १९ वर्षीया निकिता केसी, काभ्रेपलान्चोक घर भइ हाल पेप्सिकोला बस्ने १८ वर्षीया मनिषा परियार, हलेसी-७, खोटाङका ३२ वर्षीय डिकबहादुर शर्मा, इटहरी-७ सुनसरी घर भइ काठमाडौंको तारकेश्वर बस्ने वर्ष ३०को सञ्जीब दर्जी र मेलुङ-५, दोलखा घर भइ हाल नख्खिपोट बस्ने २५ वर्षको निमा लामा तथा सोही स्थानको वर्ष ३०को पासाङ लामालाई नियन्त्रणमा लिएको हो।




प्रहरीका अनुसार सो समूहले युवतीहरुको समूहलाई सामाजिक सञ्जालमार्फत परिचालन गरेर शुरुमा फोनको आदान-प्रदान गरी सम्पर्क समन्वय गर्ने गर्दछन्।

त्यसपछि पुरुष व्यक्तिहरुलाई प्रत्यक्ष भेटघाट गरेर झुठ्ठा मुद्दा लगाएर फसाई दिने भन्दै पीडितलाई दवाबमुलक ढंगले डर, धम्की तथा त्रास देखाई ब्ल्याकमेल गर्न शुरु गर्छन्। अनि केटीका नक्कली आफन्त, वकिल, पत्रकार खडा गरी रकम असुल गर्ने गरेको अनुसन्धानले देखाएको छ।

अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष अनुसन्धान टोलीले उनीहरुलाई उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको हो। पक्राउ परेका उपर आपराधिक लाभ मुद्दामा थप अनुसन्धानको लागि जिल्ला प्रहरी परिसर, काठमाडौं पठाइएको र सो सम्बन्धमा थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

## पालिकाकै 'सेटिङ'मा कामदार कोरिया पठाउँदै कन्सल्टेन्सी

**झापा, असार ३।** झापा र इलामका छुट्टा/छुट्टै दुई स्थानीय तहका जनप्रतिनिधिले कोरिया पठाउने नाममा सर्वसाधारणबाट मोटो रकम असुलेको समाचार केही महिना अघि सार्वजनिक भएको थियो। समाचार सार्वजनिक भएपछि इलाममा स्थानीयले पालिकामा तालाबन्दी गर्दै चरणबद्ध आन्दोलन नै गरे भने झापामा रातारात पीडित भनिएका एक व्यक्तिको पैसा फिर्ता गरियो।

कोरियासंग साझेदारी गर्दै पछिल्लो समय नेपालबाट कृषि कर्मका लागि देशभरका विभिन्न पालिकाले कामदार पठाउने गरेका छन्। कामदार पठाए बापत 'सेटिङ' मिलाएर रकम लिने गरेको समाचार यस अघि नै सार्वजनिक भयो। तर, पछिल्लो समय स्थानीय तहसँगको सेटिङमा कोरियामा कामदार पठाउँदै एजुकेशन कन्सल्टेन्सीले मोटो रकम असुली रहेका छन्। गुल्मी धुर्कोटमा रोनिस घर्ती (नाम परिवर्तन) मंगलबार भारतको बाटो हुँदै कोरियातिर लागे। धुर्कोट गाउँपालिकाले कोरियामा मौसमी कामदारका रुपमा पठाउन छनौट भएका उनी केही हप्ता यता कोरिया उड्ने आशामा काठमाडौंमै बिताए।

दलाललाई करिब ४ लाख बुझाएर कोरिया पुगेका उनीसँगै अरु पनि साथीहरु छन्। 'गाउँपालिकाले निवेदन लिएको थियो, त्यसकै आधारमा केही दाइहरुलाई भेट्न भनिएको थियो, उहाँहरुले मिलाइदिनु भयो'- उनले कोरियाबाटै भने- 'यसबारे कतै कुरा नगर्नु भनेका छन्।'

पछिल्ला दिनमा विभिन्न स्थानीय तहरुले कोरियाका विभिन्न काउन्टी र प्रान्तसँग ६ महिनाका लागि मौसमी श्रमिक पठाउने भन्दै भगिनी सम्बन्ध जोडिरहेका थिए। तर, दुई साताअघि सरकारले भगिनी सम्बन्ध कायम गरी दक्षिण कोरियामा मौसमी कामदार पठाउन स्थानीय तहहरुलाई रोक लगाएपछि मानव तस्करको गिरोहले अन्य तरिकाबाट श्रमिक कोरिया पठाउन

*(बाँकी अन्तिम पृष्ठमा)*

## पानीटंयाकीमा रेल दुर्घटनामा झापाका युवकको मृत्यु

**झापा, असार ३।** भारतमा रेल दुर्घटनामा परी एक नेपाली युवकको मृत्यु भएको छ।

झापाको काँकरभिट्टा-पानीट्यांकी बोर्डर नजिकै रेल दुर्घटनामा परी मेचीनगर नगरपालिका-६ काँकरभिट्टा निवासी ३० वर्षीय विजय श्रेष्ठको मृत्यु भएको हो।

भारतबाट नेपाल घर फर्किने क्रममा रेलको बाटो क्रसिङ गर्ने क्रममा उनलाई रेलले ठक्कर दिएको भारतीय प्रहरीले जनाएको छ। विहारबाट शिलगढीतर्फ गइरहेको रेलको ठक्करबाट उनको घटनास्थलमै मृत्यु भएको थियो। घटनाको विषयमा खोरीबारी थाना र रेल्वे प्रहरीले अनुसन्धान गरिरहेको छ



भने नेपाली युवकको शव हाल भारतमै रहेको जनाइएको छ।

शवको प्रकृति हेर्दा उनको मृत्यु दुर्घटनामा नभई कुटपिटबाट भएको हुनसक्ने काँकरभिट्टाबाट गएका केही प्रत्यक्षदर्शीले बताएका छन्।

## भारतीय सेनाको नयाँ भर्ती योजनाको विरोध

**काठमाडौं, असार ३।** भारतमा छोटो निश्चित अवधिका लागि सैनिकहरू भर्ती गर्ने एउटा नयाँ सरकारी योजनाको विरोधमा शुरु भएको प्रदर्शन देशभर व्यापक बन्दै गइरहेको छ।

खासगरी उत्तर प्रदेश र विहार राज्यमा चर्को विरोध प्रदर्शनहरू भएका छन् जहाँ प्रदर्शनकारीहरूले रेलमा आगजनी गर्नुका साथै मुख्य राजमार्गहरूमा अवरोध गरेका छन्। उनीहरूले उक्त योजना फिर्ता हुनु पर्ने माग गरेका छन्।

समाचारहरूका अनुसार तेलङ्गाना राज्यको दक्षिणी शहर सिकन्दराबादमा समेत हिंस्रक प्रदर्शनहरू भएका छन्, जहाँ युवाहरूले स्थानीय रेल स्टेसनमा जबरजस्ती प्रवेश गरेर रेल र पसलहरूमा क्षति पुऱ्याएका छन्।

**कस्तो योजना हो अग्निपथ ?**

मङ्गलवार सार्वजनिक गरिएको 'अग्निपथ' कार्यक्रमले साढे १७ देखि २१ वर्षबीचका



व्यक्तिहरूलाई लक्षित गरेको छ। सफल आकांक्षीहरू चार वर्षका लागि सेनामा भर्ती हुनेछन् र त्यसपछि २५ प्रतिशतले मात्र सेवा जारी राख्न पाउनेछन्।

प्रदर्शनकारीहरूलाई शान्त पार्ने प्रयास स्वरूप संघीय सरकारले बिहीवार अबेर यो वर्षका लागि मात्र भनेर २३ वर्षसम्मले पनि यस कार्यक्रम अन्तर्गत रहेर आवेदन दिन पाउने जनाएको छ।

कोभिड महामारी शुरु भएदेखि सेनामा भर्ती रोकिएका छन् र दशौं लाख आकांक्षीहरूमा सेनामा जागीर खान पाइने उमेर हद यसै नाघ्ने हो कि भनेर निराश छन्। यस्तो सुधारिएको भर्ती योजना सेनाको बढ्दो खर्च कटौती गर्ने उद्देश्यबाट प्रेरित छ। बढिरहेको तलब र निवृत्तीभरणमा सेनाको आधाजसो बजेट खर्च हुन्छ।

नयाँ योजनाले सेनाको आधुनिकीकरण गर्नलाई रकमको चाप कम गर्ने ठानिएको छ। सरकारले यसले सेनालाई युवामय बनाउने समेत बताएको छ। तर, सेनामा जान खोजिरहेकाहरूले यस योजनाले रोजगारी र अवसरहरू सिर्जना गर्ने मामिलामा निकै कम योगदान दिने जनाएको छ।

**आलोचना**

केही वरिष्ठ सैन्य जेनरल र रक्षा विज्ञहरूले समेत उक्त कार्यक्रमको आलोचना गर्दै त्यसले सेनाको संरचनालाई कमजोर बनाउन सक्ने एवम् राष्ट्रिय सुरक्षामा गम्भीर असर पर्न सक्ने भन्दै सजग गराएका छन्।

यो अविवेकी कदम हो जसले सुरक्षा फौजहरूको प्रभावकारितालाई असर पार्न सक्छ- एकजना सेवानिवृत्त मेजर जेनरल सेओनान सिंह भन्छन्। पैसा बचाउने कुरा ठीक हो तर त्यो रक्षा फौजहरूको मूल्यमा हुनु हुँदैन। यदि तपाइँ कुनै अनुभवी सैनिकलाई लिएर युद्धमा जानुहुन्छ भने के चार वर्षको तालिम लिएका व्यक्तिले उनको मृत्युपछि उनको स्थान लिन सक्छ ? यी कुराहरूले त्यसरी काम गर्दैनन्। भारतको पाकिस्तानसँग उच्च सैनिकीकृत सीमा छ र हिमालयतर्फ चीनसँगको सीमामा समेत छिमेकी देशका सैनिकसँग तनावपूर्ण घटनाहरू भएका छन्।

**भारतको सेना**

संसारमा धेरै सशस्त्र सैनिकहरू हुनेमध्येको

*(बाँकी अन्तिम पृष्ठमा)*

## कर्मचारी अवाश्यकता

बिर्तामोड सिटी सेन्टरमा अवस्थित एक रेष्टुरेन्टको लागि तपसिल अनुसारका दक्ष तथा अनुभवी कर्मचारीको आवश्यकता भएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पदः कुकः १ जना

वेटरः २ जना (महिला) कफी बनाउन जान्ने।

तलबः आपसी समझदारीमा

**सम्पर्क नम्बरः ९८२४००६००५/९८१६०७६००१**

## तु-अवाश्यकता

**ल्याब टेक्निसियनः** ३ जना
सम्बन्धित काममा २ बर्षको अनुभव

**सि.एम.ए. :** ३ जना
सम्बन्धित काममा २ बर्षको अनुभव

तलबः आपसी समझदारीमा। निवेदन दिने अन्तिम मितिः २०७९।०२।३१ गतेसम्म

**सम्पर्कः ०२३-५९०६५७, ९८१४०९२९२३, ९८०१८२८१६४**

## हाडजोर्नी तथा नशा रोगको सफल उपचार

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा **डा. विनय प्रधान**, **डा. भगवान शाह** र

अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।

*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*

# झापामा मानवअधिकार उल्लंघनका ७३ घटना: इन्सेक



**बिर्तामोड, असार ३।** झापामा छ महिनाको अवधिमा ७३ वटा मानवअधिकार उल्लंघङ्नका घटना भएको इन्सेक झापाले जनाएको छ।

गत पुषदेखि यता छ महिनाको अवधिमा ७३ वटा मानवअधिकार उल्लंघङ्नका घटना भएको इन्सेक झापाले जनाएको हो।

शुक्रबार बिर्तामोडमा आयोजित मानवअधिकारका सवालमा सञ्चारकर्मीसँग छलफल तथा वर्ष पुस्तक २०२३ को प्रकाशन पूर्व समीक्षा कार्यक्रममा हत्याका ४ वटा, बलात्कारका ३४, बलात्कार प्रयास २, बहुविवाह १२, मानवबेचबिखनका ४ वटा घटना भएको इन्सेक झापाले बताएको छ।

त्यस्तै दाइजो नदिएको १, जातीय भेदभाव तथा छुवाछुतका १ र यौन दुर्व्यवहारका १५ वटा घटना भएको इन्सेक झापाले तथ्याङ्क प्रस्तुत गरेको छ।

इन्सेक झापाका प्रतिनिधि नरेश खातीले प्रस्तुत गरेको तथ्याङ्कमा सबैभन्दा बढी बालिका पीडित देखिएको बताइएको छ। कार्यक्रममा झापामा मात्र ६ महिनाको अवधिमा ५ वर्षदेखि ४० वर्षसम्मका महिला बलात्कारका घटनामा पीडित भएको बताइएको छ।

बलात्कृत महिला तथा बालिकाहरु नजिकका नातेदार, छिमेकीहरुबाट नै पीडित बनेको इन्सेकको अभिलेखमा छ। त्यस्तै चिनजानका व्यक्तिले नै रोजगार तथा विभिन्न प्रलोभनमा पारेर महिला तथा बालिकाहरुलाई काँकरभिट्टा नाका हुँदै भारत बेचबिखनका लागि पुर्‍याइएको, जबरजस्ती यौन कार्यमा लगाउने गरेको घटना इन्सेकले अभिलेख गरेको जनाएको छ। इन्सेक प्रदेश १का संयोजक सोमराज थापाको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी छवि रिजाल, जिल्ला प्रहरी कार्यालयका प्रमुख विश्वमणि पोखरेल लगायतको सहभागिता रहेको थियो।

जिल्ला प्रतिनिधि नरेश खातीले सञ्चालन गरेको कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, अधिवक्ता कविता बाँस्तोला लगायत अधिकारकर्मीहरुले आ-आफ्नो धारणा व्यक्त गरेका थिए।

# झापामा मतदाता नामावली दर्ता गराउनेको घुइँचो

पार्थ मण्डल

**झापा, असार ३।** झापामा मतदाता नामावली दर्ता गराउनेको घुइँचो लागेको छ।

स्थानीय तह निर्वाचनअघि स्थगन गरिएको मतदाता नामावली दर्ता निर्वाचन आयोगले पुनः असार १ गते खुलाएसँगै झापामा दर्ता गराउनेको घुइँचो लागेको हो।

झापामा एकैपटक चार स्थानमा मतदाता नामावली दर्ता भइरहेको निर्वाचन कार्यालय झापाका सूचना अधिकारी प्रकाश न्यौपानेले जानकारी दिए।

जिल्ला निर्वाचन कार्यालय झापा, जिल्ला प्रशासन कार्यालय झापा, इलाका प्रशासन कार्यालय दमक र इलाका प्रशासन कार्यालय गौरीगञ्जमा नामावली दर्ता भइरहेको सूचना अधिकारी न्यौपानेले बताए। निर्वाचन कार्यालय परिसरमा भने दर्ता गराउनेको अत्यधिक भीड लागेको छ। दर्ता गराउने स्थानदेखि सडकसम्म दर्ताका लागि आउनेहरूको लामबद्ध लाइन लागेको छ।

तीन दिनको अवधिमा झापामा ७०८ महिला र ६९३ पुरुष गरी जम्मा १४०१ जनाले नयाँ दर्ता गराएको उनले बताए। पहिलो दिन महिला २०१, पुरुष १६६, दोस्रो दिन २५९ महिला, पुरुष २६९ र तेस्रो दिन महिला २४८, पुरुष २५८ ले दर्ता गराएको उनले बताए।



उनका अनुसार मतदाता नामावलीमा दर्ता गराउनुका साथै मतदाता नामावली विवरणमा भएका त्रुटि सच्याउन, ठेगाना परिवर्तन, मतदानस्थल परिवर्तन गर्न र दोहोरो परेको नाम हटाउन समेत काम भइरहेको छ।

सबैभन्दा बढी भीड निर्वाचन कार्यालयमा देखिएको बताउँदै उनले भने- 'पहिलो दिन दुई स्थानमा दर्ता कर्मचारी खटाइएको थियो, अत्यधिक भीड त्यसमाथि जनशक्ति अभावका कारण कार्यालयलाई व्यवस्थापन मिलाउन समस्या उत्पन्न भएको थियो।' महिला, पुरुष र अशक्तको गरी तीन वटा लाइनबाट दर्ता भइरहेको छ। भीड बढ्दै गएपछि दोस्रो दिन तीन स्थानमा र तेस्रो दिन चार स्थानमा दर्ता कर्मचारी खटाउनु परेको उनले बताए। त्यसका लागि अन्य कार्यालयबाट जनशक्ति मगाएर दर्तालाई सहज बनाउनु परेको उनको भनाइ छ।

# साराको बोल्ड पहिरन

बलिउड इन्डस्ट्रीका धेरै यस्ता स्टार छन्। जसले छोटो समयमै मानिसको मनमा आफ्नो छुट्टै पहिचान बनाएका छन्। यी केही स्टारमा सारा अली खानको नाम पनि आउँछ। त्यसैले पनि उनी हरेक दिन हेडलाइन्सको हिस्सा बन्ने गर्छिन्।

सारा हालै मुम्बईको एक कार्यक्रममा देखिएकी थिइन्। कार्यक्रममा सारा बाहेक ग्ल्यामर जगतका धेरै ठूला स्टारहरुको उपस्थिति रहेको थियो। मुम्बईमा आयोजित कार्यक्रममा सारा अली खान कालो कट आउट थाई स्लिट ड्रेस लगाएर आइन्, जसमा उनको ग्ल्यामरस स्टाइल देखियो। कालो कट आउट थाई स्लिट ड्रेसमा सारालाई देखेर सबैको नजर उनीमाथि नै परेको थियो।

डेभिड कोमाको यो ड्रेसको मूल्य करिब एक लाख भारतीय रुपैयाँ पर्छ। अर्थात्, यदि तपाईंलाई साराको पोशाक मन परेको छ भने तपाईंले एक लाख रुपैयाँ खर्च गरेर यसलाई अनलाइन किन्न सक्नुहुन्छ।

कार्यक्रममा सारा कृति सेनन, वरुण धवन र कार्तिक आर्यनसँग देखिएकी थिइन्। चारै युवा स्टारले एकसाथ पोज दिएर फ्यानलाई खुसी बनाएका छन्। कृति सेनन, वरुण धवन, सारा र कार्तिक आर्यनलाईसँगै देख्दा केही हराएका साथीहरू लामो समयपछि भेटिएजस्तो लाग्यो।



# अर्जुनधारामा जनप्रतिनिधि लक्षित खोप सम्बन्धी गोष्ठी

**अर्जुनधारा, असार ३।** नवनिर्वाचित जनप्रतिनिधिहरुलाई लक्षित गर्दै झापाको अर्जुनधारा नगरपालिका अन्तर्गतको स्वास्थ्य शाखाले गोष्ठी सम्पन्न गरेको छ।

जनप्रतिनिधिहरुलाई पालिकास्तरमा खोप ऐन्, नियमावली, एईएफआईको जानकारी, खोप कार्यक्रमको समीक्षा, नियमित खोप सुदृढीकरण, पूर्ण खोपको दिगोपन र सरसफाई प्रबर्द्धन कार्यक्रमलगायतका विषयमा जानकारी दिने उद्देश्यले उक्त गोष्ठीको आयोजना गरिएको शाखाका संयोजक मुकुन्द बस्नेतले जानकारी दिए।



जिल्ला स्वास्थ्य कार्यालय झापाका खोप अधिकृत ईश्वरी पौडेलले सहजीकरण गरेको कार्यक्रममा शाखा संयोजक बस्नेतले खोपको विगत तीन वर्षको अवस्था र वर्तमान अवस्था बारे सहभागीहरुलाई जानकारी गराएका थिए।

कार्यक्रममा वडाध्यक्षहरु खगेन्द्र इङ्नाम, भीष्म मिश्र, भूपेन्द्र न्यौपाने र हरिशचन्द्र बाँस्तोला, कार्यपालिका सदस्यहरु गौरीमाया चिमरीया, चन्द्रकुमारी तामाङ, नरेन्द्रबहादुर राई र सन्तोष मेचे, नगरसभा सदस्यहरु देवकुमार राई, बलबहादुर समाल मगर, हरिबहादुर कटुवाललगायतको सहभागिता रहेको थियो।

## धिमाल ...

धिमाल डाँडामा रहेको धिमाल ग्रामथामबाट शुरु भएको जात्री/सिर्जात (पूजा) पर्व असार २ गते उर्लाबारीको मङ्गलबारेस्थित धिमाल जातीय विकास केन्द्र केन्द्रीय कार्यालय परियोजना स्थल (दस बिघे) मा समापन हुने गर्दछ।

समापन कार्यक्रममा धिमाल जातिको मौलिक नाचगान, ढोल प्रतियोगिता, धिमाल कलाकारहरुको कला र गला प्रष्फुटन गर्न स्टेजमा मौका लगायतका अवसर दिइन्छ। दुई महिनाभित्रमा धिमाल समुदाय बसोबास गर्ने एक सय भन्दा बढी गाउँहरूमा मेला जातिरी-श्रीजात लाग्ने गर्दछ। दुई महिनासम्ममा धिमाल जाति वा समुदायको प्रत्येक घरबाट कम्तीमा तीस हजार खर्च हुने समग्र समापनसम्ममा करिब डेढ करोड खर्च हुने गरेको केन्द्रीय तथ्यांकले जनाएको छ।

ग्रामथानमा फलफूल, हाँस, परेवा, कुखुरा, सुँगुरलगायतको वलि दिने गरिन्छ। भोगटेनीबाट शुरु भएपछि धिमाल बस्तीको टोलटोलमा यो पर्व पुग्ने गर्छ। सामुहिक पूजा जात्री-श्रीजात नयाँ वर्षको पहिलो चाड भएकाले सालभरि कसैलाई पनि रोगब्याधि नलागोस्, शोक नपरोस्, अतिबृष्टि, अनाबृष्टि, बालिनानी सप्रियोस र जीवनमा सुख शान्ति छाओस् भनेर मनाइने गरिएको छ। यो पर्वमा धर्म ठाकुर, लक्ष्मीबेराङ, चौमाझी, बूढा ठाकुरलगायतको पूजा गर्ने गरिन्छ।

धिमाल जाति नेपालको पूर्वी तराईका झापा, मोरङ र सुनसरीमा आदिमकालदेखि बस्दै आएका छन्। धिमालहरू पश्चिम बङ्गालको दार्जीलिङ जिल्लामा समेत देख्न सकिन्छ। धिमाललाई दमक नगरपालिकाको पहिलो नागरिकका रूपमा सबैभन्दा पहिले घोषणा गरेको हो भने अन्य छिमेकी उर्लाबारी, पथरीशनिश्चरे, कानेपोखरी र बेलबारीले पनि घोषणा गरेको छ।

समापन कार्यक्रममा धिमाल जाति विकास केन्द्रले प्रत्येक वर्ष प्रदान गरिने युवा प्रतिभा पुरस्कार बडीबिल्डर ललित धिमाललाई प्रदान गरेको छ भने विभिन्न धिमाल गाउँटोल समितिबाट सहभागी ढोलमध्ये प्रथम डुम्रेघाट, द्वितीय कालाबन्जार, तृतीय जम्बुझार र सान्त्वना बाह्रघरे गाउँटोल समिति पुरस्कृत भएका थिए।

कार्यक्रमको प्रमुख अतिथि प्रदेश नम्बर १ मुख्यमन्त्री राजेन्द्रकुमार राई, विशिष्ठ अतिथिमा प्रदेश सांसद कुलप्रसाद साँवा र अतिथिहरुमा स्थानीय पार्टी नगर अध्यक्ष, विभिन्न संघसंस्था, समाजसेवी, स्थानीय र छिमेकी नगरका जनप्रतिनिधिहरु रहेका थिए भने धिमाल जातीय विकास केन्द्रका केन्द्रीय अध्यक्ष लोकबहादुर धिमालको अध्यक्षतामा कार्यक्रम समापन भएको थियो।

## पालिकाकै ...

थालेका हुन्।

स्रोतका अनुसार काठमाडौंको शान्तिनगरमा रहेको टीटी वर्ल्ड एजुकेशन कन्सल्टेन्सीले अहिले धमाधम कोरियामा मौसमी कामदार पठाइरहेको छ। टीटी वर्ल्डले स्थानीय तहका जनप्रतिनिधिसँगको 'सेटिङ'मा पैसा उठाउँदै कागजात मिलाएर कोरिया पठाउने धन्दा चलाइरहेको छ। टीटी वर्ल्ड कन्सल्टेन्सी कोरियाको राजधानी सिओलमा बस्ने विश्व खनालको स्वामित्वमा रहेको कन्सल्टेन्सी हो। यो कन्सल्टेन्सीले अहिले विभिन्न गाउँपालिकामार्फत भगिनी सम्बन्धका आधारमा कागजात जम्मा गरेर श्रमिक कोरिया पठाइरहेको छ।

टीटी वर्ल्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) गणेश बेल्बासे कोरियामा श्रमिक पठाउन डकुमेन्ट मिलाउने काम मात्रै गरेको बताउँछन्। 'हामीलाई धुर्कोट गाउँपालिकाबाट अनुरोध भएपछि डकुमेन्ट मिलाउने काम गरेका हौं, भिसा प्रोसेसका लागि कोरियाबाटै एक जना कोरियन आउनुभएको थियो'- उनले भने। श्रमिक कसले पठाइरहेको छ भन्ने आफूलाई जानकारी नभएको बेल्बासेको दावी छ। तर, सम्पर्कमा आएका श्रमिकले भने गाउँपालिकासँग मिलेर टीटी वर्ल्डले नै कोरिया पठाइरहेको बताएका छन्।

सरकारले कानूनी र व्यवस्थापकीय रुपमा अनुपयुक्त रहेको गत २० जेठमा स्थानीय तहमार्फत मौसमी कृषि श्रमिक कोरिया पठाउन रोक लगाएको थियो। तर, यो धन्दामा अहिले 'एजुकेसन कन्सल्टेन्सी'हरु नै संलग्न हुन थालेका छन्। कानूनतः गाउँपालिका मात्रै हैन, इजाजतप्राप्त म्यानपावर कम्पानीबाहेक अन्यले रोजगारीका लागि श्रमिक विदेश पठाउन पाउँदैनन्। तर, टीटी वर्ल्डले अहिले विभिन्न गाउँपालिकामार्फत कागजात जम्मा गरेर श्रमिक कोरिया पठाउँदैछ। विमानस्थलको अध्यागमन कार्यालयसँग पनि सेटिङ गरेर पठाउने गरिएको छ।

२० जेठमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सचिवस्तरको निर्णय गरी सबै स्थानीय तहमा पत्राचार गर्दै वैदेशिक रोजगार व्यवस्थापन संघीय सरकारको कार्यक्षेत्रमा रहेको र वैदेशिक रोजगारीमा पठाउने कामको नियमन, व्यवस्थापन र कल्याणकारी काम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट भएको पत्रमा उल्लेख गरिएको छ। 'वैदेशिक रोजगार ऐन २०६४, स्थानीय सरकार सञ्चालन ऐन २०७५ बमोजिम भगिनी सम्बन्धको आधारमा वैदेशिक रोजगारीको लागि स्थानीय तहले पठाउने अधिकार नदेखिएको' स्थानीय तहमा पठाइएको पत्रमा उल्लेख थियो।

## भारतीय ...

देशमा भारत पर्छ। १४ लाख जवान काम गर्ने भारतीय सेना देशको एउटा मुख्य रोजगारदाता समेत हो, जसका लागि वर्षेनी दशौं लाखले आवेदन दिन्छन्।

वर्षेनी झण्डै ६० हजार जना सैनिक सेवाबाट बाहिरिन्छन् र ती स्थान पूर्ति गर्न सयवटा सम्म भर्ती योजनाहरू सञ्चालन हुन्छन्। पछिल्ला केही वर्षदेखि नयाँ भर्ती प्रक्रिया रोकिनुलाई अधिकारीहरूले महामारी मुख्य कारण भएको बताउँछन्। तर, विज्ञहरूका भनाइमा सेनाले स्रोतको विषयलाई लिएर चुनौति खेपिरहेको छ, जसको असर उसको आधुनिकीकरण प्रक्रियामा समेत परेको छ।

**अग्निपथबारे थप के भनिएको छ ?**

अग्निपथ अन्तर्गत ४६ हजार सैनिकहरू यो वर्ष भर्ती हुनेछन्। तिनीहरू ६ महिनाका लागि तालिममा जानेछन् र बाँकी साढे तीन वर्ष सेवामा तैनाथ हुनेछन्।

त्यस अवधिमा उनीहरूले मासिक तलब ३० हजार भारतीय रूपैयाँबाट शुरु भएर थप लाभहरू जोडिन आउँदा चारवर्षे सेवाको अन्त्यमा ४० हजार भारतीय रुपैयाँसम्म बुझ्नेछन्। एउटा ठूलो चिन्ता चार वर्षे कार्यकाल सकिएपछिको उनीहरूको भविष्यबारे देखिन्छ।

म पछिल्ला दुई वर्षदेखि सेनामा भर्ती हुनका लागि निकै मिहिनेत गरिरहँदा अचानक यो अग्निपथ योजना घोषणा भयो- उत्तर पूर्वी राज्य आसामका २० वर्षीय देबोजित बोरा भन्छन्। अब हामीले चार वर्षका लागि मात्र काम गर्न पाउने भयौं। त्यसैले म छनोट भइहालें भने पनि म यसबाट (छिट्टै) रिटायर्ड हुनेछु। त्यसपछि मैले के गर्ने ?

**रोजगारी संकट**

भारतले एउटा चर्को रोजगारी सङ्कट झेलिरहेको बेला यस योजना अघि आएको छ। भारतको बेरोजगारी दर एप्रिल महिनामा ७.८३ प्रतिशत पुगेको एउटा स्वतन्त्र प्राज्ञिक अध्ययन संस्था सेन्टर फर मोनिटरिङ इण्डियन इकोनोमी ( सीएमआईई)ले जनाएको छ।

कोभिड महामारीका बेला समेत लामो लकडाउनले गर्दा दशौं लाख भारतीयहरूले जागिर गुमाएका थिए। सरकारले यी चिन्ताहरूलाई साम्य पार्न अग्निपथका सफल उम्मेदवारहरूलाई केन्द्रीय सशस्त्र प्रहरी बलहरू र आसाम राइफल्स (एक भारतीय सैन्य एकाई)मा प्राथमिकता दिइने जनाएको छ।

तर सैन्यविद्हरू चाहिँ यस विषयमा आशङ्का व्यक्त गर्छन्। उनीहरूले यसले युवाहरूलाई कम रोजगारीका अवसर दिने र निराशातर्फ धकेल्ने भन्दै चिन्ता व्यक्त गरेको वीवीसीले उल्लेख गरेको छ।

## पोल्याण्ड ...

सुकेधारा बस्ने पूर्णकुमार दाहालविरुद्ध न्यायाधीकरणमा मुद्दा दायर गरेको हो।

पूर्ण कुमारले दोलखाकी सरिता भुजेललाई जम्मा खर्च २१ लाख लाग्ने र पोल्याण्डमा कृषिको काममा मासिक झण्डै १ लाख ८० हजार रुपैयाँ तलब हुने कागजसमेत गरेका थिए।

तर, २० लाख २० हजार रुपैयाँ रकम लिएपछि नपठाएको र लिएको रकम समेत फिर्ता नगरेपछि पीडित सरिताले वैदेशिक रोजगार विभागमा उजुरी दिएकी थिइन्। विभागले वैदेशिक रोजगार ऐन २०६४ को दफा १० र दफा ४३ विपरीतको कसुर गरेको भन्दै पूर्णकुमारलाई लिएको रकम २० लाख २० हजार र त्यसको ५० प्रतिशतले हुने आउने हर्जना रकम १० लाख १० हजारसमेत गरी ३० लाख ३० हजार मागदावीसहित वैदेशिक रोजगार न्यायाधीकरणमा मुद्दा दायर गरेको हो।


## कपडा पसल बिक्रीमा

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ।

मो. ९८४२६९५७८८
९८०४९६५०८५

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७९।३।०४ | ११ केभी राजगढ फिडर | घैलाडुब्बा सवस्टेशनदेखि राजगढ बजार हुँदै झापा टाघनडुब्बासम्म। | राजगढ फिडर विहान ८:०० बजेदेखि १२:०० बजेसम्म | राजगढ फिडर अन्तर्गत रुखका हांगाविंगा काट्ने साथै मर्मत सुधारको कार्य गर्नुपर्ने। | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ। |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**

## बर्षातको समयमा हुने पानीजन्य रोग प्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिस जस्ता रोगहरु लाग्न सक्छन।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिँधै नपिऔं।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं।
- पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं।
- पिउने पानीलाई सफा भााडामा छोपेर राखौं र सफा भाडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कर्मचारी आवश्यकता

यस द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. का लागि तपसिल बमोजिमका पदहरुमा कर्मचारी आवश्यकता परेको हुँदा नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

| सेवा केन्द्र | पद | संख्या | योग्यता |
|---|---|---|---|
| बिर्तामोड | बजार व्यवस्थापक | १ जना | स्नातक तह उत्तीर्ण |
| बिर्तामोड | बजार प्रतिनिधि | १ जना | एसएलसी/एसईई उत्तीर्ण |

**अन्य योग्यता:** कम्प्युटरको ज्ञान भएको, मोटरसाइकल/स्कुटरको लाइसेन्स भएको, सहकारी क्षेत्रमा अनुभव र स्थानीयलाई प्राथमिकता

**उमेर :** १५ वर्ष पुरा भई ४० वर्ष नकाटेको **नियुक्तिको किसिम :** अस्थायी

**दरखास्त दिने अवधि :** २०७९ असार ३ गते देखि १० गते कार्यालय समयभित्र

**सेवासुविधा :** संस्थाको नियम अनुसार

**आवश्यक कागजातहरु :** हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक प्रमाण-पत्रको प्रतिलिपि, अनुभव भए अनुभवको प्रमाण प्रतिलिपि

**परीक्षाको किसिम :** लिखित, मौखिक, प्रयोगात्मक

**दरखास्त दिने स्थान :** बिर्तामोड सेवा केन्द्र, बिर्तामोड, झापा अतिथि सदन रोड


द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.
सम्पर्क न. ५८५५५५ दमक, ५५०५२७ सुरुङ्गा, ५४३१४७ विर्तामोड, ५५५२४९ बुधबारे, दमक ५८५८५५



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२, ९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता

# तिमी आएपछि



**अमित संग्रौला**

प्रिय मान्छे !
यतिखेर म संसारकै
सुखको अनुभूति गरिरहेको छु
आनन्दमा छु, प्रेममा छु
नयाँ उत्साह थर्पिंदै
भिन्न स्वरूपमा परिवर्तन भएको छु ।

किनकि तिमी आएकी छौ
बर्षौं अधिसम्म तपस्या गरैं
साधना गरैं
लिप्त थिएँ म तिम्रो प्रेममा
मलाई लागेको थियो
तिमी यतै थियौ
मेरै नजिक मेरै आसपास
तर पनि निराकार थियौ
अदृश्य भएर बसेकी थियौ ।

तिमी आउने बेलामा
न्यानो घाम लागेको थियो
सयपत्री मखमली फुल्न लागेका थिए
कतै-कतै चाहिँ फूलहरू
फुलिसकेका सकेका थिए
प्रकृति पनि उत्साह, उमँगमा थियो ।

त्यतिखेर तिमी आएपछि
यस्तो लाग्यो
अँध्यारोबाट उज्यालो भयो
जीवन धन्य भएको छ
अनुग्रह भएको छ
आभारी छु
तिमी मेरो
सुन्दर जीवनमा तिमी आएपछि
अहिले म तिम्रो प्रेमको
फुलबारीमा खेलिरहेको छु ।

***बिर्तामोड, झापा***

# गजल

मुटु लगेर चोट दिएको खत हुँदैन
हुन त त्यस्ता मान्छेको पनि इज्जत हुँदैन

जस्का लागि बारबार जल्छ जो चुपचाप
उस्को अरूलाई जलाउने आदत हुँदैन

गर्धनसँग खेलेर पनि होला सायद
खुकुरीको अचानोलाई राहत हुँदैन

जस्ले अरूको खुशी लुटेर खुशी लिएको छ
त्यो खुशी पनि धेरै दिन बचत हुँदैन

मायालाई क्रिडास्थल बनाउनेले सोचे हुन्छ
उस्को पनि चोखो मायाको विगत हुँदैन ।

**– कोशिस घिमिरे**
**बिर्तमोड– ३, झापा**

कथा

# मर्चाले जुठो काट्छ !






**भुवन तामाङ**

उसको लागि भात पकाउने ठाउँ पनि छुट्टै बनाइएको छ। टिनले छेकेर मानिसका साथै कुकुर, बिरालो नपस्ने गरी छेकाबारा लगाइएको छ। परालमा टुक्रुक्क बसेर एक्लै भात पकाउँदै छ। किनकि ऊ तेह्र दिनसम्मका लागि स्वयम् पाके भएको छ।

घ्यू खाएर पनि ताकत नआउँदोरहेछ यदि नुन खाइएन भने। उसलाई त्यस्तै लाग्छ। अलिनो खाने दिन कहिले सकिने हो ? ऊ मनमनै प्रश्न गर्छ। फेरि ऊ त अम्मली। त्यसमा पनि रक्सीको। कस्को घरमा कस्तोखालको रक्सी पाइन्छ सबै थाह छ। कोदोको रक्सी पार्ने घर, भाती जाँडको रक्सी पार्ने घर उसलाई थाह छ। हतार-हतार पुग्यो यसो एक-दुई ट्वाक माग्यो आँखा चिम्लेर स्वाट्ट पार्‍यो। मुखाकृति कच्याककुचुक्क पार्‍यो पसलमा भोला या रजनी गन्धा (गुठ्खा) किनेर मुक्यायो अनि घर पुग्यो। भोला या रजनीगन्धाको बासनाले उसले रक्सी धाकेको स्वास्नी चाहिँले पत्तै पाउँदिनन्। यस्तो मनमौजीको उसको दिनचर्यामा ब्रेक लागेको छ। यस्तै भाव पोख्दै उसको एक साथी भन्छ- ओए तँलाई तलतल लागेन ? शोक बारिरहेको उसले त्यसो भन्ने साथीको अनुहारमा एक पटक पुलक्क हेर्छ। अर्को साथी भन्छ- हैट के भनिरा त्यस्तो अरुले सुन्यो भने।

उसको खाना पाक्छ। साथीहरु भन्छन्- ए खा खा भोक लाग्यो होला। शोक या जुठो बारिरहेको ऊ भात घ्यूसँग खान्छ। साथी मध्ये एकले भन्छ- अरु बेला त के-के खान पाउँथिस् अब केही दिन मुख मिठ्याउन नपाउने भइस्। अर्को साथी भन्छ- कि ल्याइदिऊँ सुटुक्क लुकाएर यसो स्वाट्ट पारे भइहाल्यो नि। अर्को साथी रिसाउँदै भन्छ- यतिसारो गरि गति छाड्नु त भए न नि हो। भोलि हामीलाई पनि यस्तो पर्न सक्छ। बोल्दा विचार पुर्‍याएर बोलौँ न यार।

अर्को भन्छ- यो सब ढाँगीपन हो, देखावा हो। राजामहाराजा, मन्त्री, ठूला ओहदाकाले चाहिँ अर्कैलाई किरियाकाजमा भाडामा राखेर आफू चाहिँ मनमौजी खान्छन् त। अनि रीतिरिवाज, संस्कार र नियम जति हामी सर्वसाधारणले मात्र मान्नु पर्ने ? अलि झर्कंदै अर्को साथी भन्छ- अब यो एक्टिभिष्ट भएछ। कोही भन्छ- अरुले सुन्लान् है।

एकजना भन्छ- साँची शोक परेका ठाउँमा तास खेल्ने छुट कसरी भएको होला ? शोक परेका ठाउँमा तास खेल्नु विकृति होइन र ? अर्को भन्छ- शोक परेकाहरुलाई राती जागै रहन, एक्लै नपरुन् भनेर र डरबाट मुक्त हुन साथ दिनु छरछिमेकको कर्तव्य हो। तर, त्यतिकै बस्दा निन्द्रा लाग्छ। त्यसैले तास खेल्न समाजले छुट दिएको होला। अर्को छुल्याहा भन्छ- त्यसो हो भने यसो अलिकति सुरुप्प पिउन पनि छुट दिए त जति रात भए पनि कटाइन्थ्यो होला नि। कोही भन्छ- होइन गति छाड्नेले छाडुन्। तर, जुन समाज, घरपरिवारले नियम पालना गर्छन्। उनीहरुले नियममा बस्न पाउनु परो नि। जे कुरामा पनि होलो खुकुलो गरेपछि समाज बिग्रिन्छ। एक भन्छ- होइन हौ शोकमा बस्नेले पनि यसो सुरुप्प पिउन पाएमा उसलाई शोक बिर्सन सहयोग पुग्छ भनेको मात्र हो।

एक भन्छ- लु यसरी चाहिँ शोक बिर्सनु छैन कसैलाई। बरु जुठो बार्ने दिन कटेपछि जति धोके पनि भयो। समाजले पनि केही भन्दैन। एक जना सोध्छ, जुठो कति दिन बार्नुपर्छ ? जवाफमा कोही भन्छ- सके त बर्ष दिन नै बार्नु पर्छ नि। कम्तिमा पनि पैंतालीस दिन त मुख बार्नु पर्छ, त्यसपछि त। अर्को भन्छ- भन्दैछु है सुन्लान् है अरुले, बिनाबित्थामा यो जुठो बोक्नेलाई अपगाल पर्ला। अब भने सबै चुप लाग्छन्।

जुठो बारिरहेको उसलाई साथीहरुको कुरा सुनेर उदेक लाग्छ। एक प्रकारले हो जस्तो लाग्छ, अर्को प्रकारले होइन। कतिपय समाजले नियम निकै कडाइका साथ मान्छन् भने कतिपय समाजमा होलो पनि छन् होलान्। दिन गन्दागन्दै उसले तेह्र दिने काम पनि सको।

ऊ एकचरण खेतबारीको काम सकेर, घरको तानेमुने सकेर, वस्तुभाउलाई पगा सारेर उल्टीबेलातिर गाउँतिर निस्कन्छ। घरकीले पनि यसो गफगाफ गर्न गाउँतिर लागेका होलान् भन्ने सम्झन्छिन्। कामदाम ठीकै गर्नेलाई कता जाँदैछ भनेर घरकाले शंका गर्ने कुरो पनि भएन। ऊ सरासर एक दोकानमा पुग्छ। त्यहाँ उसलाई कसैले सोध्छ, कता हिँड्यौ त बाबु ? ऊ मिसिक्क हाँसेर जवाफमा भन्छ- यसो साबुन र सलै सकियो भनेर घरकीले लिन पठाइ र नि काका। उसलाई प्रश्न सोध्नेले भन्छ- ए ए।

होइन दोकान्नी साउनी कता गइछन् भन्दै ऊ दोकानको भित्र हेर्छ। भित्रपट्टिबाट दोकान्नी साउनी भन्छिन्- ए साबुन र सलै चाहियो ? दोकानमा त सकिनै लागेको छ यतै भित्रै आएर स्टोरबाट मन परेको छानी-छानी लैजाउ न है। होइन दोकानमा सामान टन्न पो राख्नुपर्छ त, तब पो ग्राहकले छानी-छानी लान पाउँछन्, व्यापार बढ्छ, कहाँ घरभित्रै थुपारेको ? भन्दै ऊ साउनीको इशारा अनुसार घरभित्र लुसुक्क पस्छ।


साउनीलाई थाह छ ग्राहक के लिन, के खान आइरहेको छ ? भन्ने कुरा। खाटमुनिबाट खोयाबिर्के निकालेर शिशाको गिलासमा तुरुरुरु पार्दै सारेर साउनीले उसलाई दिन्छिन्। ऊ लोकल रक्सी स्वाट्टै पार्छ र अर्को एक ट्वाकका लागि गिलास थाप्छ। पैसा त ल्यायौ होलानी ? सोध्दै साउनी अर्को एक ट्वाक थपिदिन्छिन्। यत्तिकैमा अघि उसलाई कता हिँड्यौ भनेर सोध्ने मान्छे पनि उसले रक्सी पिइरहेको ठाउँमा छिर्छ र भन्छ मलाई चाहिँ धुप चाहिएको थियो। तर अघिको मान्छे जसलाई तिनले बाबु भनेका थिए। उसको हातमा रक्सी भरिएको गिलास देखेर छक्क पर्दै सोध्छ, तिम्ले त जुठो बारिरा छौ होइन ? कमसेकम पैंतालीस दिन त कटाऊ। रक्सी पिएपछि त तिमी अझ असुद्ध र जुठो भएनौ र ?

एकछिन् गमे पश्चात जवाफमा ऊ भन्छ- मर्चाले काटी हाल्छ नि काका। जाँड रक्सीमा मर्चा त्यसै हालेको होइन नि। हजुरलाई थाहै छैन रै'छ, मर्चा त शुद्ध चिज हो। जस्तै जुठो पनि मर्चाले काट्छ क्या काका। ऊसले बाँकी रक्सी मुन्टो ठाडो गरेर स्वाट्टै पारेर गोजीबाट पैसा झिकेर साउनीको हातमा राखिदिँदै भन्छ- भोला दिनु त। भोला मुक्याएर ऊ साबुन र सलै नलिइ बेपत्ता हुन्छ। उसको त्यस्तो विकृत हर्कत देखेर प्रश्न सोध्ने मान्छे, आफ्नै थुक सर्केर खोक्दै झण्डै सिद्धिन्छ र धुपै नलिइ मरुन्ज्याल खोक्दै बाटो लाग्छ। साउनी चाहिँ हाँसेको हाँसेइ पर्छिन्।

# असामान्य माइला



**रामबाबु सुवेदी**



अचम्मको दृश्य छ। वरिपरि भीड जम्मा भइसकेको छ। माइला भने खुरुखुरु पोलबाट माथि चढेर आफू तारको भागमा गएर एउटा तारमा खुट्टा अडाउँदै अनि अर्को तारमा कसिएर हातले समाउँदै ठिङ्ग उभिँदो भयो। ऊ साधारण तारमा उभिएको थिएन। ऊ त बिजुली प्रवाह गर्दा करेन्ट पास गर्न बनाइएको हाइटेन्सन वायरमा उभिएको थियो। त्यसरी उभिन जो कोही कहाँ सक्छ र ? त्यस्तो साहसिक काम गर्न त मुटु चाहिन्छ। तर, बिडम्बना मुटु हुनेले पनि गर्न सक्दैन। त्यसको लागि त एकोहोरो दिमाग चाहिन्छ या भनौ एक किसिमको दुस्साहस आवश्यक पर्छ।

समाज र राज्यसँग आजित माइला एकाएक तारमा पुग्दा तल जम्मा भएको भीडबाट आवाज गुञ्जिन्छ।

'ए भाइ तल झर त ?' आकाशतर्फ हेर्दै प्रहरीले माइकिङ्ग गरिरहेको छ।

'झर्दिनँ' माथिबाट तल खस्दै गरेको मधुरो आवाज चारैतिर गुञ्जयमान बन्छ।

'ओर्ल न ओर्ल।'

'अह'

'माथिबाट तल झरेर मर्न सकिन्छ। दुर्घटना हुन्छ अनि चोटपटक लाग्न सक्छ।' माइकभित्र पसेको ध्वनी स्पिकरबाट बाहिर निस्किरहेको थियो।

'नाई ओर्लिदिन तिमरुले भनेर हुन्छ ?' माइला अट्टेरि गर्दै चिच्याउँदै थियो माथिबाट।

'तिमीलाई हामी मासु भात ख्वाउँछौं। पैसा दिन्छौं ओर्ल न ओर्ल।' एक स्थानीय नेता आश्वासन दिँदै कराउँदै थिए माइकमा जोडले।

'म भ्रष्टाचारी हुँ र ? मासुभात र पैसाको लोभमा जे नि गर्ने ?' माइला क्रोधित स्वरमा अट्टेरी जवाफ फर्काउँदै तारमा हिँड्न लाग्यो। हावाको उच्च गति छ, तार यताउता हल्लिरहँदा माइला भुइँमा तल बजारिन्छ कि भन्ने ठूलो त्रास थियो सबैलाई। नेता माइलाको बचन सुनेर थप केही बोल्न सकेनन् र माइक छाडी हिँडे।

'यो त बढ्दो डलरको भाउ जस्तै यताउता गर्न लाग्यो। तर, तल त ओर्लिन मानेन त।' एक बैंक मेनेजर अर्का बैंक कर्मचारीलाई भन्दै थिए।

ती अर्का कर्मचारी चिउडोमा हात लाउँदै भन्दै थिए- 'हो है हुन त। यताउता गर्छ डलरको भाउ तल झर्न नमाने जस्तै यो नि तल झर्न मान्दैन त गाठे।'

यत्तिकैमा ती बैंक मेनेजर माइकमा चिच्याउँछ- 'ए माइला दाइ तल ओर्ल न क्या। नेपाली मुद्रामा होइन बिदेशी डलरमा तिम्रो इच्छा पूर्ण गराउला। अब त मान।'

माइला फेरि तल धर्तीतर्फ कमिला सरी उभिएका मानिस हेरेर 'के अरे ?' भन्दै प्रश्न तेर्साउँछ।

बैंक मेनेजर पुनः आफ्नो पहिलाको वाक्य दोहोर्‍याउँदै भन्छ- 'ए मैले भनेको तिमीलाई आर्थिकरुपमा मजबुत बनाउन नेपाली रुपैयाँमा होइन डलरमा पैसा दिउला। अब त ओर्ल।'

'अब त झन् ओर्लिदिन डलरको भाउ अझै बढ्छ अब म जहिलेसम्म डलर बढ्छ तबसम्म माथि बस्छु, तर ज्यान गए ओर्लिदिन। त्यसैले तिमी बैंकका मान्छे बाठा नहुनु धेरै।' माइला झोकिँदै थप क्रोधमा भन्छ- 'देशमा तरलता अभाव छ। बैंकको अवस्था मलाई पनि थाह छ पैसा नै छैन बैंकमा। यस्तोमा झुटो आश्वासन नदेउ तिमी भाइ।'

बैंक मेनेजरसँगको तर्क-बितर्क गर्दागर्दै वडाध्यक्ष आएर माइक समाउँदै भन्छन्- 'ए माइला भाइ तिमी त हाम्रो गाउँको मान्छे तल ओर्ल अनि आउ तिम्रो दुःख र पीडाको कुरा बुझेर म तिम्रो घाउमा मलम लगाइदिन्छु। आवश्यक पूर्वाधार व्यवस्था गराईदिन्छु अनि रोजगारी दिन्छु।' ऊ थप भन्दै थिए- 'ओर्ल आउ तिम्रो दैनिकी सहज हुने व्यवस्था म मिलाईदिन्छु।'

सबैले वडाध्यक्षको कुरा सुनी ताली बजाउँछन्। एकछिन चारैतर्फ ताली गुञ्जयमान हुन्छ।

माइला माथिबाट पुलुक्क तल हेर्दै भन्छ- 'वडाध्यक्षज्यू। तपाईले झुटो आश्वासन दिन अझ छाड्नुभएको छैन है ? मैले मेरो पीडा कति पटक ल्याई सुनाए, तर बिडम्बना तपाईले सुनुवाई गर्नुभएन। एउटा सडकमा भएको खाल्डो त पुर्न नसक्नेले मेरो मनमा भएको ठूलो बज्रपात के पूर्ण गर्न सक्थ्यो। कति पटक रोदन गरे तपाईंसँग रोजगारी दिनु भनी आज त प्रशासनको गल्ती देखिएला भनि फकाउन आउनुभयो होइन ? यस्ता झुटो आश्वासनको अब म विश्वास गर्दिनँ।

हावाको बेगले तार एक्दम हल्लिन्छ र माइला कहिले तल त कहिले माथि झुल्लिँदै हावासँग पनि अट्टेर गर्दै त्यै तारमा अडिरहन्छ। यसो तल हेर्दै माइला माथिबाट फुस्फुसाउँछ- 'हैन कति धेरै मान्छे हौ। त्यतिनै क्यामेरा र टिभी च्यानल आएछन त।'

तलको दृश्य भने अचम्म को बनी रहेको थियो। बिस्तारै बढ्दै गएको हुलमा युट्युबर र पत्रकारको जमात बढ्दै थियो। केही युटुबर स्थिथिबारे लाइभ गर्दै थिए। अनि आफ्नै कथा बनाउँदै थिए- 'नाङ्गो तारमा तीन-चार घण्टादेखि अडिरहेका वीर माइलाको हुन त ?' -कोही भन्दै थिए- 'अदभूत नेपाली माइला-द सुपर म्यान'। अर्को युट्युबर भन्दै थियो- 'कहिले ओर्लेलान् त माइला ?' तर, सच्चा रिपोर्टिङ त केहिले मात्र गरिरहेका थिए। अरु त सबै अनलाइनमा भाइरल हुने दौडमा थिए।

यत्तिकैमा एउटा राष्ट्रिय टिभिका पत्राकार भन्दै थिए- 'माइलाको यो गतिविधिले अहिलेसम्म प्राधिकरणलाई करोडौंको घाटा लगाइसकेछ। विद्युत वितरणमा रोक लगाउँदा त्यो स्टेशनबाट प्रति मिनेट घाटा बढिरहेको छ।'

अहो ! माइलाको कार्यशैली अनुचित र असामान्य हो। तर, देशप्रति उसले गरेको छड्के घोचाइँले अस्थिरता कायाम गरेको छ। एकछिन विद्युत आपुर्ति बन्द हुँदा देशलाई यति नोक्सान भएको छ भने पटक-पटक लोडसेडिङ गरिरहँदा प्रति मिनेट कति नोक्सानी हुँदो हो ? अन्य बेलाको जिम्मेवारी कसको ? अमेरिका, बेलायत, फ्रान्स आदि मुलुकमा एक मिनेट लाइन जाँदा सबैले जिब्रो टोके एउटा सामान्य मान्छेको असम्भव कार्यशैलीले देशमा ठूलो कम्पन पैदा गरिसकेछ। एउटा गरीब माइलालाई सबैले बेवास्ता गरिरहँदा एवम् मानसिक रोगी भनिरहँदा उसले राज्यलाई ठूलो चोट दिइसकेछ। न त उसले भ्रष्टाचार गरेको हो न कमिशन खाएको हो, तर साधारण व्यक्तिको अनुचित प्रयासले प्राधिकरणमा समेत कम्पन उत्पन्न भएको छ।

तलबाट केही उत्तेजित व्यक्ति कराउँदै थिए- 'यसलाई गोली ठोक्नु पर्थ्यो। दश लाखमा काम हुने ठाउँमा सरकारलाई एक करोड घाटा लगाइदिएछ।' सामाजिक सञ्जालमा पनि एकतर्फी बिरोध र ठट्टा गर्नेको आवाज यस्तै थियो। यो त आम नेपालीको भडास थियो अनि उदासिन सरकारप्रतिको वितृष्णा थियो।

यत्तिकैमा धेरै समयपछि नेपाल आर्मीको हेलिकप्टर आयो। करिब सात घण्टापश्चात उसलाई नि आफै थकान लाग्न थालिसकेको थियो। रात छिप्पिँदै गयो र अन्धकारले सारा उज्यालो अपहरण गरिसकेको थियो। नाइट भिजन हेलिकप्टर आएर अबेरसम्म हावामा रेस्क्यु अभियान चलायो। निरन्तर घण्टौंको प्रयासपछि माइलालाई उद्धार गर्न सफल भयो। माइलाको नि केही उपाय लागेन अन्ततः ऊ तल ओर्लिनु पर्‍यो। तल ओर्लना साथ माइला हुलमा हेर्दै भन्दै थियो- 'देखेउ एउटा सामान्य व्यक्ति सम्झेको थियौं नि मलाई। मैले कत्रो हलचल गराएँ थाह भयो नि ?'

# झापा गोल्डकपद्वारा २८ जना खेलाडी तथा अफिसीयललाई सम्मान



**बिर्तामोड, असार ३।** शहीद स्मारक 'सी' डिभिजन लिग च्याम्पियन बनेको झापा फुटबल क्लबका खेलाडी तथा अफिसियललाई झापा गोल्डकपले नगदसहित सम्मान गरेको छ।

झापा गोल्डकपले शुक्रबार बिर्तामोडमा २८ जना क्लबका खेलाडी तथा अफिसीयललाई पुरस्कार स्वरुप जनही ११ हजार रुपैयाँसहित सम्मान गरेको हो। खेलाडीलाई प्रोत्साहन गर्न झापा गोल्ड कपले पुरस्कृत गरेको महासचिव गजेन्द्रबहादुर पौडेलले बताए।

सम्मानित हुने झापा फुटबल क्लबका खेलाडी तथा अफिसीयलमा सन्जय गुरुङ, टेकेन राना मगर, पेमा तामाङ, लक्ष्मण बेघा लिम्बू (कप्तान), सुमन मगर, विशाल थिङ तामाङ, सन्जोग मगर, मनिष योङहाङ, पारश कार्की, पुजन राई, विशाल खवास, सन्दीप लिम्बू, निखिल तामाङ, दिनेश मुर्मू, विश्वास सुब्बा, सिद्धार्थ अधिकारी, विक्रम राई, आशिष गुरुङ, शान्तिराम बस्नेत, युवराज तामाङ, खगेन्द्र बयलकोटी, विशाल राई ए, हरिबहादुर मगर रहेका छन्। त्यसैगरी टिम व्यवस्थापक पेम्बु गुरुङ, टिम सहायक व्यवस्थापक गोपाल राई, मुख्य प्रशिक्षक अंकुरकुमार खड्गी, गोलकिप्पर प्रशिक्षक रोशन शाह ठकुरी रहेका छन्।

झापा गोल्ड कपका अध्यक्ष विनोद बस्नेतको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा प्रमुख जिल्ला अधिकारी छविलाल रिजालको प्रमुख आतिथ्य रहेको थियो।

सुवास भट्टराईले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि रिजाल, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ का अध्यक्ष टीकाराज ढकाल, संरक्षक जलकुमार गुरुङ, बिर्तामोड नगरपालिका वडा नं. ३ वडाध्यक्ष मदन बुढोथोकी, मेची उद्योग वाणिज्य संघ अध्यक्ष ऋषिराज तिम्सिना, जिल्ला खेलकुद विकास समिति झापा अध्यक्ष भेषराज भण्डारी लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापा शाखा अध्यक्ष एकराज गिरी, झापा गोल्डकपमा कोषाध्यक्ष केदार गिरी लगायतको सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए।

गत जेठ २० गते सम्पन्न 'सी' डिभिजन लिगमा झापा फुटबल क्लव च्याम्पियन बन्दै बी डिभिजनमा बढुवा भएको थियो।

# होटल व्यवसायीलाई भाषा प्रशिक्षण



**बिर्तामोड, असार ३।** होटल व्यवसायीहरुको क्षमता विकाससँगै भाषामा पनि दक्ष बनाउने उद्देश्यले होटल व्यवसायी संघ झापाले १५ दिने भाषा प्रशिक्षण कार्यक्रम गरेको छ।

बिर्तामोड-३ मा रहेको मेची आँखा अस्पतालमा भारतसहित विभिन्न मुलुकबाट उपचारका लागि विरामी आउने गरे पनि भाषाको ज्ञान नहुँदा होटलमा बस्न तथा खानमा समस्या भएपछि त्यस क्षेत्रका होटललाई लक्षित गरेर आसामिज तथा बङ्गाला भाषा प्रशिक्षण प्रदान गरिएको होटल व्यवसायी संघ झापाकी अध्यक्ष इन्दिरा श्रेष्ठले बताइन्।

उनले होटल व्यवसायीको सिप विकाससँगै भाषाको ज्ञान नहुँदा समस्या भएपछि होटल व्यवसायीहरुलाई भाषा प्रशिक्षण प्रदान गरिएको अध्यक्ष श्रेष्ठको भनाइ छ। भाषा प्रशिक्षणपछि ग्राहक र व्यवसायी दुबैलाई सहज हुने अपेक्षा गरिएको छ। प्रशिक्षार्थीहरुलाई विजय सेढाइले भाषा प्रशिक्षण दिएका थिए। प्रशिक्षणपछि शुक्रबार आयोजित समापन कार्यक्रममा प्रशिक्षकहरुलाई प्रमाणपत्र प्रदान गरिएको थियो।

अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड-३ का वडा सदस्य भागीमान लिम्बू, होटल व्यवसायी संघका सल्लाहकार देवीभक्त श्रेष्ठ, होटल व्यवसायी संघका पूर्वअध्यक्ष भोला उप्रेती लगायतको आतिथ्य रहेको थियो।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै सञ्चालन महासचिव शिव पौडेलले गरेका थिए। नेपाल पर्यटक बोर्डको आयोजना तथा होटल व्यवसायी संघ झापाको सहकार्यमा भाषा प्रशिक्षा कार्यक्रम गरिएको जनाइएको छ।

# ४२७०० सवारी कारवाहीमा



**मेचीनगर, असार ३।** झापामा सवारी नियम उल्लंघन गर्ने ४२ हजार सात सय सवारीलाई कारवाही गरिएको छ।

दुर्घटना बढेसँगै ट्राफिक प्रहरीले चेकजाँचलाई तीव्रता दिएको हो। झापामा भएको सवारी दुर्घटनामा एक सय सात जनाको मृत्यु भएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका अनुसार चालू आर्थिक वर्ष २०७८/२०७९ को ११ महिनाको अवधिमा जिल्लाका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा परेर सबैभन्दा बढी ८८ पुरुष, १४ महिला र पाँच जना बालबालिकासहित एकसय सात जनाको ज्यान गएको हो।

दुर्घटनाबाट छ सय ४३ जना सामान्य र दुई सय २९ जना सख्त घाइते भएको कार्यालय प्रमुख ट्राफिक प्रहरी निरीक्षक अशोक जबेगूले जानकारी दिए। ११ महिनाको अवधिमा जिल्लामा पाँच सय ५६ वटा दुर्घटना भएका थिए। ती दुर्घटनामा आठ सय २६ वटा सवारीसाधन संलग्न रहेको ट्राफिक प्रहरी सहायक निरीक्षक यामकुमार खड्काले जानकारी दिए। सबैभन्दा बढी पाँच सय पाँच वटा मोटरसाइकल दुर्घटनामा परेका हुन्।

कार्यालयले चालू आर्थिक वर्षको यो अवधिमा तीन करोड तीन लाख पाँच हजार पाँच सय रुपैयाँ राजश्व संकलन गरेको छ। सवारी नियम उल्लंघन गर्ने साधन कारवाही गर्दा उक्त राजस्व संकलन भएको हो।

सबैभन्दा बढी राजश्व मोटरसाइकल कारबाहीबाट संकलन भएको छ। यो अवधिमा मोटरसाइकल कारबाहीबाट एक करोड १२ लाख ५१ हजार रुपैयाँ राजश्व संकलन भएको उनले जाकारी दिए।


**आवश्यकता**

महिला तथा पुरुष सेक्युरिटी गार्ड
संख्या : ३३ जना
सम्पर्क :
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय बिर्तामोड
फोन नं. : ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।
सम्पर्क:
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा**

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**स्कार्पियो भाडामा**

नेपालको जुनसुकै ठाउँमा जानको लागि सुविधायुक्त स्कार्पियो चाहिएमा हामीलाई सम्झनुहोस्।
मो. ९७४९२४३५७०, ९८१५००६०१२

**तु-आवश्यकता**

कपाल काट्न जान्ने- २ जना
सेवा: ५०-५० प्रतिशत (बस्न र खाजाको सुविधा।)
यदि तलबमा बस्न चाहेमा: २२०००।- साथै बस्नेत फ्रेस हाउसलाई खसी काट्न, बेच्न सक्ने २ जना कर्मचारी आवश्यकता।
तलब: १२,०००देखि २५०००सम्म
खाना/बस्न/नास्ता तथा ड्रेसको पनि व्यवस्था छ।
सम्पर्क: ९८०३४०१९७०

**अब पानीटंकीमा**

चार चक्के सानो गाडी डेन्टीङ्ग, पेन्टीङ साथै इञ्जीन मर्मत सस्तो र भरपर्दो सेवा
MAMA BHANJA GARAGE
न्यू मार्केट मारुती सुजुकी बस स्टेण्ड पानीटंकी भारत
chanchal :
+91 9775379436, +977 9808612158
Partho
+91 9641135590, +977 9816989225

**कर्मचारी आवश्यकता**

संख्या : केही
पद : P. R. O. / G. R. O.
तलब : १३०००-२०,०००।-
योग्यता : साधारण लेखपढ गर्न सक्ने SEE, +2 (पद अनुसार)
कागजात : नेपाली नागरिकता/शैक्षिक योग्यता प्रमाणपत्र/pp साइजको फोटो
सम्पर्क:
९८०१६१५३९६, ९८६६६७२५७९

**छापाखाना**

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२४३५३, ९८१४०३६३४४



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

देउबहादुर राईको नाती, वृषबहादुर राईको छोरा १ नं. प्रदेश ईलाम जिल्ला सन्दकपुर गाउँपालिका वडा नं. ०१ बस्ने धनमान राई भनिने देउमान राईले यस इलाम शाखामा खाता नं. २१११५२४०३००७५४ सञ्चालन गर्दै आउनुभएकोमा मिति २०७८/११/३० मा निज खातावाला देउमान राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने कालीमाया राईले मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक देउमान राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बर : ०२७-५२१७२४
फ्याक्स : ०२७-५२१७३१

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

गरुण सिङ मगरको नाति, नरबहादुर मगरको छोरा १ नं. प्रदेश इलाम जिल्ला माईजोगमाई गाउँपालिका वडा नं. ०३ बस्ने जगतबहादुर मगरले यस इलाम शाखामा खाता नं. २१११५२४१४०३७८९ सञ्चालन गर्दै आउनुभएकोमा मिति २०७७/०६/२५ मा निज खातावाला जगतबहादुर मगरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने किसनबहादुर राना मगरले मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक जगतबहादुर मगरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बर : ०२७-५२१७२४
फ्याक्स : ०२७-५२१७३१

**धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस**

हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई
सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240
झट्ट फोन झट्ट सेवा



**UAE मा रोजगार** | १. कम्पनी : ARMED FORCES OFFICER CLUB HOTEL
शहर : ABU DHABI

पूर्व स्वीकृत मिति: २०७८/03/२१ चलानी नं.: ६०१५९७४९ LT. No.: 241809 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 92 | 97 | सम्बन्धित काममा दक्ष | 800 | २७,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Helper | 49 | 0 | | 800 | २७,०५६ | | | | | | | |
| 3. | Waiter | 38 | 0 | | 1300 | ४३,९६६ | | | | | | | |
| 4. | Waitress | 0 | 45 | | 1300 | ४३,९६६ | | | | | | | |
| 5. | Commis I | 10 | 5 | | 1600 | ५४,११२ | | | | | | | |
| 6. | Captain | 30 | 0 | | 1900 | ६४,२५८ | | | | | | | |

अन्तर्वार्ता सिद्धार्थ होटल, बिर्तामोड, झापामा २०७९ असार ९ गते (23 June 2022) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ असार १० गते (24 June 2022) मा हुनेछ।
शाखा कार्यालय झापाको लागी मो. : ९८२६९६९६२३, ९८०८४६५६१०, ९८१७५९७८७७४, ९८१४९८४४४०, ९८०६०११७६२

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



**होम डेकोर**

AAROHI
INTERNATIONAL PAINTING & DEVORATIVE PVT. LTD.
HOME DECOR
Interior Homes Decoration Gypsum Cornice

यहाँ सम्पूर्ण कलरबाट गर्ने डिजाइनहरु Arts, 3D Wall Painting, Wall Sticker र Wall Paper अनि तपाईहरुले चाहे जस्तै घरका सम्पूर्ण Painting को काम सुपथ मूल्यमा गरिन्छ। यहाँ घर, पसल, मार्केटहरुमा सम्पूर्ण कलहरुबाट डिजाइन गरिन्छ।

प्रोप्राइटर : रोशन बानियाँ
पश्चिम बस स्टेण्ड बिर्तामोड, झापा (फोन नं. ९८१८९५४९१३)
नोट : यहाँ कलर पाउनका साथै घर निर्माण पनि गरिन्छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
कार्यसिद्धि हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्य तथा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, मन प्रसन्न रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
तत्काल हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुन सक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ। शुभ खबर सुन्न पाइनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिमा बिचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समय फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दूरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
अधुरा रहेका कामहरू सिद्ध भएर जाने योग रहेको छ, उच्च अधिकारीबाट साथ तथा सहयोग मिल्नेछ, आजको दिन मन आनन्दित रहने छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्यले साथ दिने छैन, चिसोबाट बच्नुहोला, घाँटीको समस्या बढेर जान सक्छ, साथीभाइले साथ दिनेछन्, दिन सामान्य रहला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय राम्रो रहेको छ, व्यापार-व्यवसायमा पदोन्नतिको योग परेको छ, मेहनतले गरेको काममा यथोचित लाभ मिल्नेछ, मन प्रशन्न रहला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पढाई तथा प्रेममा सफलता हुने देखिन्छ, रचनात्मक तथा कलाकारितामा मन जानेछ, सन्तान पक्षबाट सन्तुष्टि मिल्नेछ, मन प्रशन्न रहला।